# प्रदेश नम्बर चारको सम्बृद्धि र पोखराको पर्यटन

## पश्चिमाञ्चल होटल संघ पोखराको ३७औं साधारणसभाको अवसरमा प्रस्तुत कार्यपत्र
## होटल बाराही, पोखरा, ४ फागुन २०७४

प्रस्तोता
प्रा.डा. इन्द्रप्रसाद तिवारी
पोखरा विश्वविद्यालय

सर्व प्रथम पश्चिमाञ्चल होटल संघ पोखराको ३७औं साधारणसभाको यो उद्‌घाटन सत्रमा मलाई 'चार नम्बर प्रदेशको सम्बृद्धि र पोखराको पर्यटन' विषयमा एक कार्यपत्र प्रस्तुत गर्ने जिम्मेवारी दिनु भएकोमा आयोजकहरूलाई धन्यवाद दिन चाहन्छु साथै यस साधारणसभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । नेपालको पर्यटनको पर्यायिवाची रहेको पोखराको पर्यटनका सम्बन्धमा आज यहाँ उपस्थित सम्पूर्ण सहभागिहरूलाई आफु व्यावसायीका हिसावले प्रत्यक्ष सहभागि भएका नाताले आध्योपान्त थाहाछ । तपाईहरू जस्तो म पर्यटनका योजनाहरू कार्यान्वियन गर्ने ब्यावसायी होइन बरू म अलि बढि प्राज्ञिक र केहि मात्रमा प्राविधिक हुँ र याहा मेरो प्रस्तुतिलाई तपाई सहभागीहरूले यसै परिप्रेक्षमा हेरिदिनु हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

सर्वप्रथम, म प्रदेश नम्बर ४ को छोटो विवरण पेश गर्न चाहन्छु । नेपालको सङ्घीयता सम्बन्धमा ३ देखि १४ प्रदेशहरूका विभिन्न खाकाहरूको छलफल पश्चात सरकारले ७ प्रदेश घोषणा गऱ्यो । ती मध्ये ११ जिल्लाहरू: गोरखा, मनाङ, लमजुङ, तनहुँ, कास्की, मुस्ताङ, पर्वत, स्याङजा, म्याग्दी, बाग्लुङ र नवलपरासी (दाउन्ने पूर्व) लाई प्रदेश नं ४ रहने गरी छुट्याएको छ । यो प्रदेश २४ लाख २९ हजार ४५२ जनसंख्या सहित जनसंख्याको हिसावले छैटौं ठूलो तथा क्षेत्रफलका हिसावले २१ हजार ५०४ वर्ग किलोमिटर क्षेत्रफल सहित चौथो ठुलो प्रदेश हो । वहुआयामी गरीवि सूचकाङ्कका हिसावले यो प्रदेश प्रदेश नम्बर ३ पश्चात दोस्रो राम्रो सूचक अन्तर्गत पर्दछ भने शाक्षरतामा ७३ प्रतिशत शाक्षरता सहित सबैभन्दा मथि छ । हिमाल र पहाडका जिल्ला समेटेर बनाइएको यो प्रदेशमा छिमेकी राष्ट्र भारतसँग जोड्न नबलपरासीको केही स्थान मिलाइएको छ तर नेपाल भारत बिच कुनै भन्सार छैन ।

यो प्रदेश उत्तरतर्फ का ४ हिम श्रृङ्खलाहरू, आन्नपूर्ण, धौलागिरी, मनास्लु र हिमालचुली तथा माछापुच्छ्रे विश्वप्रख्यात छन जस्मा ८००० मिटर भन्दा अग्ला ३ टाकुराहरू: धौलागिरी (८,१७६ मी.), मनास्लु (८,१६३ मी.) र आन्नपूर्ण (८,०९१ मी.) अग्ला छन् । काली गण्डकी, सेती, मर्स्याङ्दी, बुढी गण्डकी, मादी, दरौंदी, र चेपे साथै थुप्रै साना नदीहरू यस प्रदेशका प्रमुख जलस्रोत हुन । हिमाल र पडाडी सृङ्खलाका अतिरिक्त पोखरा, बाग्लुङ्ग लगायत केही

उपत्यकाहरू र खास गरी उपरोक्त नदीहरूबाट निर्मित टारहरू यस प्रदेशका प्रमूख भूबनोट हुन्। पोखरा उपत्यकाका ९ वटा तालहरू तथा विश्वकै सर्बोच्च स्थानमा रहेको तिलिचो ताल याहाँको थप जलाशय प्राकृतिक तथा पर्यटकीय सम्पदा हुन् ।

**सास्कृतिक सम्पदाहरू**

यो क्षेत्रको मुक्तिनाथ हिन्दु र बौद्धहरूको प्रमुख तिर्थस्थल र पर्यटकहरूको प्रमुख गन्तव्य स्थल हो । अहिले आएर मनकामना, गोर्खा, बाग्लुङ कालिका पहाड स्थित तिर्थस्थल हुन भने देवघाट, त्रिवेणी, रिडी र वेदब्यासको जन्मभूमि दमौली याहाँका प्रमूख नदी आधारित धार्मिक स्थल हुन् । आदिकवि भानुभक्तको जन्मस्थल चुँदीरम्घा, कवि शिरोमणिको जन्मस्थल अर्घौं अर्चले, तथा राष्ट्रकवि माधव धिमिरेको जन्मस्थल लमजुङ जिल्लाको पुस्तुन गाउँ, विकासविद डा. हर्क गुरुङ्को जन्मस्थल, यस क्षेत्रमा पर्ने बाइसे-चौविसे राज्य रजौटाहरूका दरवार, किल्ला आदी यस क्षेत्रका सास्कृतिक सम्पदाहरू हुन् ।

पोखरा (हालपोखरा लेखनाथ महानगरपालिका) यस प्रदेशको राजधानी मात्र होइन, यो देशको दोस्रो ठुलो सहर हो । यो सहर यो प्रदेशको राजनैतिक, व्यापारीक, शैक्षिक तथा पर्यटकीय केन्द्र (अंग्रेजीमा भन्दा Centre, Node and Hub सबै) हो । काली गण्डकी कोरिडोर यस प्रदेशको क्षेत्रीय संगठन (Spatial Organization) लाई नया आयाम दिने योजना हो र बन्दै गरेको पोखरा अन्तराष्ट्रिय विमानस्थलले यो पोखरा उपत्यका र समग्र प्रदेशको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्ने सबैको विश्वास छ ।

यो प्रदेशको जल विद्युत उत्पादन क्षमतामा १० हजार मेगावाट सहित ७ प्रदेश मध्ये छैटौ स्तानमा रहेको अनुमान गरिएपनि हालको उत्पादन र निकट भविष्यमा हुने उत्पादन लाई हेर्दा यो प्रदेश जल विद्युतमा धनि छ र यीनै बन्न लागेका कयौं जलविद्युत आयोजनाका कारण यो क्षेत्र आर्थिक रुपले समृद्ध छ हुने देखिन्छ ।

जैविक विविधता यो प्रदेशको अर्को ठूलो प्राकृतिक सम्पदा हो भने गुणस्तरीय मानव संसाधनमा यो प्रदेश ज्यादै धनि छ ।

प्रदेश नम्बर ४ को विकासको सम्भावनालाई हेर्दा याहाँको सबभन्दा ठुला अवसर भएका क्षेत्रहरू पर्यटन, शिक्षा र कृषि तथा जडीबुटी हुन् । अव म पर्यटनका विषयमा समग्रमा केहि प्रस्ट्याउन चाहन्छु र त्यस पछि पोखराका विषयमा आफ्ना भनाई राख्ने छु ।

पर्यटनको परिभाषा दिन याहाँ आवश्यक छ भन्ने मलाई लाग्दैन । परंपरागत रुपमा पर्यटन विशुद्ध मनोरन्जनात्मक भ्रमणलाई लिइएपनि हाल आएर अधिकांश भ्रमण पर्यटनमा समावेस गरिएको पाइन्छ, अथवा विशिष्ट उद्देश्यका भ्रमणहरूमा पनि एउटा पर्यटनको अंश रहेको पाइन्छ । नेपालमा पनि पर्यटनका सम्बन्धमा सामान्यतया सोहि अनुशार बुझिन्छ ।

नेपालले पहिलो ‘नेपाल पर्यटन बर्ष’ सन् १९९८ मा मनायो। तामझामले केहि सकारात्मक असर पार्‍यो।  “अतिथि देबो भव:” (“Guest is God”) भन्ने नाराका साथै १० लाख विदेशि पर्यटक भित्र्यउने उद्देश्यले सन् २००९ को अक्टोबर  देखि घोषणा गरिएको ‘नेपाल पर्यटन बर्ष २०११’ सम्मानानिय राष्ट्रपतिले औपचारिक रुपमा शुभारम्भ गर्नुभयो। विश्व पर्यटन सङगठन (वर्ल्ड टुरिज्म अर्गनाईजेशन) का महासचिब र सार्क देशका पर्यटन मन्त्रीहरुले संयुक्त रुपमा ‘पर्यटनका लागि साथ-साथ’ छौं भन्ने ऐक्यवद्धता जनाए। बन्द हडतालका लागि बद्नाम कमाएको नेपालमा सवै राजनैतिक पार्टीका सवै ठुला नेताहरुले पनि बन्द-हड्ताल नगर्ने लिखित प्रतिबद्धता गरे। पर्यटन-बर्षको उद्देश्य १० लाख पर्यटक भित्र्यउने मात्र होइन बरु उनिहरुको १२ दिनभन्दा कमको बसाईलाई बढाएर १६ दिन अर्थात् दुई हप्ता भन्दा बढि वनाउने, पर्यटकले प्रतिदिन गर्ने ४५ डलरको खर्चलाई वढाई दोब्बर वनाउने प्रमूख थिए। तर पर्यटन-बर्षमा खास उपलब्धि भएन र आज सम्म पनि ती तीनवोटा उद्देश्य पुरा हुन सकेका छैनन्।

यो टिप्पणिकारले एशिया तथा यूरोपका विभिन्न देशको भ्रमणका सिलसिलामा तथा विभिन्न ठाउँमा भेटेका पर्यटकको नेपाल चिनाइलाई लिनेहो भने नेपाल चिनाउने नामहरु मध्ये ‘सगरमाथा तथा हिमालको देश’, ‘पहाड को देश’ र ‘बुद्ध जन्मेको देश’ जस्तै ‘पर्यटनको देश’ पनि हो। तर नेपाल पर्यटनको क्षेत्रमा पनि आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रमा जस्तै अतिकम विकशित देशनै हो। संसारका केहि अति दुर्गम टापु-देश, अफ्रिकाका केहि समस्याग्रस्त देश तथा एशियाका भूटान (जो वातावरणमैत्री नीतिले पर्यटन व्यवस्था गरेकाले सानो संख्यामा पर्यटक भित्र्याउछ) र वाङ्लादेश पछि सबभन्दा कम पर्यटक भित्रिने देश नेपाल हो। नाम जस्तो भएपनि कामबाट केहि उपलब्धी नभएकाले पर्यटन अल्पविकसित अवस्थामानै छ, सत्य त्यहिनै हो।

Travel & Tourism को योगदान सन् २०१६ मा प्रत्यक्ष गार्हस्थ उत्पादनमा ८५.२ अर्व रुपैया तथा ३.६ प्रतिशत र कुल गार्हस्थ उत्पादनमा १७७.९ अर्व रुपैया तथा ७.५ प्रतिशत रह्यो। सोहि वर्ष प्रत्यक्ष रोजगार ४ लाख २७ हजार तथा २.९ प्रतिशत जनशक्ति र कुल रोजगार ९ लाख ४५ हजार तथा ६.४ प्रतिशत पुगेको छ। विश्व पर्यटनमा १८५ देशको लिष्टमा नेपाल आकारको आधारमा १२३सौ, GDP योगदानका आधारमा १२४सौ, बृद्धिका आधारमा ४३औं तथा दिर्घकालिन बृद्धिका हिसावले ९३औ मा पर्दछ। त्यसैगरी नेपाल Travel and Tourism अन्तर्गत सन् २०१६ मा नेपालमा रु. १६.५ अर्व तथा कुल लगानीको ३ प्रतिशत भएको थियो भने लगानीको बृद्धिदर ०.३ प्रतिशतमात्र रहेको थियो। पर्यटनको भुमिका कुल गार्हस्थ उत्पादन तथा जनशक्तिलाई रोजगारमा राम्रो देखिएको छैन।  देशका अन्य आर्थीक क्षेत्रहरूको प्रदर्शन ज्यादै कमजोर भएको साथै देशको अर्थतन्त्र सारै सानो भएकोले दश प्रतिशत भन्दा बढि बिदेशी मुद्रा आर्जन गर्ने सेवाका रुपमा देखिएको मात्र हो।

यस्तो कम पर्यटक भित्रिनुमा के नेपालमा पर्यटन आकर्षणका गन्तव्य नै छैनन् ? त्यसो होईन । यहाँ संसारका सवभन्दा बढि प्रशंसित स्थल मध्यका सगरमाथा र लुम्विनी छन् । यी दुई स्थानको अलवा युनेस्को हेरिटेजका अन्य दुई स्थान काठमांडौ  उपत्यका र चितवन राष्टिय निकुन्ज पनि छन् । त्यस्तै ३००० भन्दा बढि पर्वतारोही समुहले एक वर्षमा आरोहण गर्न सक्ने ३२५ भन्दा बढी हिम टाकुरा पर्वतारोहीका लागि खुलाछन् । सरकारले २५ मनमोहक र आकर्षक पदयात्रा क्षेत्र खुला गरेको छ । करिव २५ बिश्वस्तरका राफ्टिङ नदिहरु नेपालमा छन् । जसमध्ये १६ नदिको १२०० कि,मि मा राफ्टिङ गर्न अनुमति छ । त्यस्तै देशमा १४ उच्चस्तरिय हिन्दू र बौद धार्मिक स्थलहरु छन् । सरकारले छानेका र समुदाएले बनाएका गरि १०० भन्दा बढि ग्रामिण पर्यटन क्षेत्र छन् । त्यसको अलावा केहि बिश्वस्तरिय कला तथा वास्तुकला, एक दर्जन भन्दा बढि अन्तराष्ट्रिय स्तरका ऐतिहासिक स्थल छन् । नेपाल सांस्कृतिक तथा जैविक विविधतामा संसारमै निकै माथि छ । काठमान्ड ौ हाल केहि सिमित सामान तथा पुस्तक प्रेमीका लागि सस्तो बजार समेत भएको छ । यी सबै आकर्षक गन्तब्य तथा छिमेकि देशहरु भारतीयहरुको बर्षमा सकेसम्म एक पटक घुम्ने पुरानो प्रवृती तथा चिनियाहरुको छुट्टी मनाउने नयां बिकसित प्रवृतीले नेपाल एक माथिल्लो गन्तब्य स्थल हुनु पर्ने हो । नेपालको नाम र उपर्यूक्त गन्तब्य आकर्षणलाई दृष्टिगोचर गर्दा १० लाख पर्यटक भित्र्याउन सक्छौ भनेर लक्ष राख्नुपर्ने होइन बरु २०सौं-३०सौं लाख गुणस्तरिय पर्यटक छानि-छानि भित्रयाउने अवस्था सृजना हुनु पर्ने हो ।

नेपालमा परम्परागत पर्यटनका आकर्षण मानिने अंग्रेजी अक्षरका ३ ‘एस’ (सन, स्याण्ड तथा सेक्स) र विगत दशकदेखि थप आकर्षण भएक ा चौथो र पाँचौ ‘एस’ सपिङ तथा स्पोर्टस छदैछैनन् भन्दा पनि हुन्छ । तिर्थाटन जाने पर्यटकको सख्या बिश्वको दुई ठुला धर्म (ईसाइ र ईस्लाम) मा निकै छ जसले गर्दा सुरक्षाको अति झन्झटिलो अवस्था हुदाहुदैं पनि इजरायलमा २९ लाख तथा साउदी अरबमा एक करोड ८० लाख पर्यटक २०१६ मा पुगेका थिए । भ्याटिकन अवस्थित ईटली त पर्यटक भित्र्याउने पाँचौ ठुलो देश हो जहाँ चार करोड भन्दा बढी पर्यटक पुग्छन । त्यस हिसावले बुद्धको जन्मस्थल हेर्न ठूलै सख्यामा बुद्धमार्गी आउनु पर्ने हो तै पनि त्यस्तो हुन सकेको छैन । उदाहरणको रुपमा हेर्दा बर्षको ७० लाख भन्दा बढी थाई पर्यटकभएर बिदेश जान्छन जस्को एक प्रतिशत पनि नेपाल आउदैनन् । करोडौं भारतीय हिन्दु तिर्थाटन जान्छन तर त्यस्को एक प्रतिशत पनि पशुपतिनाथ तथा मुक्तिनाथ पुग्दैनन् । सन् १९७५ मा द्वन्दबाट कास्मिर बन्दहुदा त्यहाँ जाने पर्यटकको संख्या १२ लाख थियो । त्यस्ता हिमाल नजिकबाट हेर्न चाहने पर्यटकलाई कास्मिर बन्दभएपछि नेपालले खास गरी पोखराले तान्नु पर्ने हो । त्यसो हुन सकेन ।

हाल आएर पर्यटनको मुख्य उद्देश्य माथिका पाँच ‘एस’ साथै छैटौ ‘एस’ साईट सिइङ एण्ड भिजिटिङ न्यू प्लेस (दृश्याबलोकन तथा नँया क्षेत्र भ्रमण, बिदामनाउने र आनन्दलिने) बिशुद्द घुमफिर गर्ने भएको छ । खासगरि पहिला तिन ‘एस’ बिदा मनाउने र आनन्द लिने पर्यटन संगै

सम्बन्धित बिषय हुन । यसरी हेर्दा गन्तब्य स्थल मात्र पर्यटक आकर्षणको तत्व रहेनछ । उदाहरणको रुपमा दक्षिण-पूर्व एशियाली राष्ट्र लावोस लिन सकिन्छ । हालाकि त्यो देश क्षेत्रफलमा नेपाल भन्दा ६० प्रतिशत ठूलो छ तर त्यसको जनसख्या ७० लाख जति छ भने त्यहाँको सबभन्दा अग्लो टाकुरा जम्मा ९२४२ फिट अग्लो छ, हिमशिखर छैनन् भने यूनेस्को बिश्वसम्पदा सुचीमा दुई खासै प्रख्यात नभएका क्षेत्र मात्र छन् । नेपाल जस्तो बिश्वस्तरका कुनै पनि गन्तब्य छैनन् । तैपनि नेपालमा सन् १९९० मा दुई लाख ५५ हजार पर्यटक भित्रिएको बेला त्यो देशमा भर्खर पर्यटकलाई आम खुला गरिएको थियो र ८०,००० पर्यटक भित्रिएका थिए जबकि हामि दोस्रो पटक पर्यटन बर्ष घोषणा गरी सन् २०११ मा १० लाख पर्यटक भित्र्याउने महत्वाकांक्षि उद्गार गरेका थियौ जुन पुराहुन सकेनभने लावोसमा सन् २०१० मा कुनै हल्लाखल्ला बिनानै १६ लाख ७० हजार पर्यटक भित्रिएका थिए र २०१६ मा ३३लाख १५ हजार भित्रिएको पाइन्छ । त्यहाँ पनि हाम्रै जस्तो सन, स्याण्ड, सेक्स, सपिङ तथा स्पोर्टस गन्तब्यस्थल छदैछैनन् ।

नेपालमा पर्यटनको कुरा गर्दा, वास्तवमा नेपालमा पर्यटनको विकास शैक्षिक पर्यटनबाट सुरु भएको हो जुन टोनी ह्यागनको टिमलाई हिमालयको भूगर्भको अध्ययनार्थ अनुमति दिइएको थियो । नेपालमा पर्यटनको पहिलो अध्याय पर्वतारोहणबाट सुरु भएको हो जस्को अन्तरनिहित उद्देश्य शिक्षा र खोज थिए र अझैपनि छन् हालाकी अवका सवैखाले पर्वतारोहण पूर्ण पर्यटनका हिसावलेनै लिइन्छ ।

अहिले स्वास्थ्य पर्यटन र शैक्षिक पर्यटन चर्चित विषय बनेका छन् । स्वास्थ्य पर्यटन अहिले केहि देश र केहि सहरहरूमा ठुलो चर्चामा आएका छन् जस्तो थाइल्याण्ड देश तथा भारतको भेलोर सहर यस्का उदाहरण हुन् ।

जहाँसम्म पोखराको पर्यटन विकासको कुराछ, देशको भौगोलिककेन्द्र रम्घाको दुई-पिप्लेको सामिप्यमै रहेको पोखरा देशको दोश्रो ठूलो सहर भैसकेको छ । यो पश्चिमाञ्चल विकास क्षेत्र, प्रदेश नं. ४ तथा कास्की जिल्लाको सदरमुकामले समेत चिनिन्छ । पोखरालाई वास्तविक रूपमा र खासगरि पर्यटनका हिसावले हेर्दा पोखरा उपत्यकाका रूपमा चिनिन्छ र त्यहि हिसावले चिनिनु पनि पर्छ । पोखरा उपत्यका डा. हर्क गुरूङ्गका अनुशार ३३ थुम सहित सेती नदी तथा हर्पन, याङ्दी, मर्दी, भुजुङ्, काली, विजयपुर, वगादी, खुदी, ताल, आँपु, तथा दोभान खोलाहरू को जलाधार बाट बनेको र ४६१ वर्ग कोलोमिटर (तथा १७८ वर्ग माईल) को क्षेत्रफलमा फैलिएको रमणिय उपत्यका हो ।

पर्यटकीय हिसावले ५०० भन्दा बढी होटलहरू रहेको पोखरा र यस आसपासको क्षेत्र देशकै सबैभन्दा उच्च होटल-बेड उपलब्ध पोखरा आफैंमा एक करिव-करिव पूर्ण गन्तव्यस्थल हो र नेपालि स्थापित पर्यटन ब्ज्राण्ड नाम हो । निश्चित रूपले संसारकै सबैभन्दा सुन्दरतम स्थानमध्ये एक भनेर चिनिने पोखरामा तल उल्लेखित पर्यटकीय स्थलहरू तथा पर्यटकीय कार्यहरू विशेष महत्वका छन् ।

(१) **प्रकृतिक पर्यटकीय स्थानहरू:** फेवा, बेगनास लगायतका ९ तालहरू, महेन्द्र, शिद्धेश्वर लगायतका गुफाहरू, सेती गर्ज तथा पाताले छाँगो, Mountain View तथा Valley View का लागि ३३ थुम सहितका टाकूरा तथा पहाडी शृङ्खलाहरू प्रमूख प्रकृतिक पर्यटकीय स्थानहरू हुन् । पोखरा उपत्यकाका विभिन्न Mountain View Point बाट सम्पूर्ण अन्नपूर्ण शृङ्खला, धौलागिरी शृङ्खला, लम्जुङ् हिमाल तथा मनास्लु हिमाल छर्लङ्ग देखिन्छन् । यो क्षेत्र Deepest Gorge on the Earth मात्र नभई छोटो दूरीमा सबैभन्दा उच्च ढाल भएको क्षेत्र पनि हो ।

(२) **पदयात्रा:** यहाँ नेपालका सर्बोत्कृष्ट मध्धेका अन्नपूर्ण परिक्रमा पदयात्रा तथा रोयल ट्र्याक लगायत कैयौं छोटा तथा लामा पदयात्रा स्थलहरू उच्च विकशित अवस्थामा छन् ।

(३) बेगनासताल-रूपाताल क्षेत्र देशकै सबैभन्दा घना Biodiversity भएको क्षेत्रमध्ये एक हो ।

(४) **धार्मीक तथा सांस्कृतिक स्थलहरू:** यहाँ तालवाराही, विन्ध्यवासिनी, भद्रकाली लगायतका पुराना मन्दिर तथा विश्व शान्ति प्यागोडा तथा विभिन्न गुम्बाहरू अवस्थित छन् । कार्यपत्रमा प्रस्तुत गरिए अनुशार, पोखरा यो क्षेत्रको सांस्कृतिक धरोहर पनि हो ।

(५) **संग्रहालय:** यहाँ पोखरा संग्रहालय, अन्नपूर्ण संग्रहालय, अन्तराष्ट्रिय पर्वतीय संग्रहालय, तथा गोर्खा मेमोरियल संग्रहालय गरि ४ वटा आ-आफ्नो क्षेत्रमा ख्यतिप्राप्त संग्रहालयहरू अवस्थित छन् । वास्तवमा भन्नु पर्दा यो क्षेत्र विभिन्न जात-जातीको जीवन्त संग्रहालय समेत हो ।

(६) नेपालकै एकमात्र ultra-light aircraft तथा paragliding पर्यटकीय सेवाहरू यहाँ उपलब्ध छन् ।

(७) नेपालमै सबैभन्दा सर्बसुलभ रूपमा फेवाताल र बेगनासतालमा डुंगा चालन उपलब्ध छन् ।

(८) अन्य Adventure Tourism कार्यहरू जस्तै Rafting, Mountain biking and motor biking, pony riding जस्ता साहसिक पर्यटकीय कार्यहरूपनि यहाँ उपलब्ध छन् ।

(९) पोखरा वरिपरिको क्षेत्र Ecotourism, homestay, र ग्रमीण पर्यटनको केन्द्रको रूपमा द्रुततर रूपमा विकास हुदै गईरहेको छ ।

२ दर्जन भन्दा बढी संघ तथा संस्थाहरूबाट प्रवर्धित पोखराको पर्यटन गत केहि वर्ष देखि दर्जन जति Event स्पापना गर्न सफल भएको छ र ती आफैमा जाउहै पोखरा का आकर्षण बनेका छन।

शाक्षरताका हिसवले देशकै दोश्रो सर्वाधिक शाक्षर भएको कास्की जिल्ला र पोखरा उपत्यका शैक्षिक क्षेत्रमा काठमाण्डौ पछि दोश्रो स्थान ओग्ट्छ । बिगत ५ दशकदेखि पोखरा पश्चिमाञ्चल क्षेत्रको उच्च शिक्षाको केन्द्र बनेकै हो र त्यस्को विकास अझ तिब्र हुदैछ । यहाँ पोखरा विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, बन विज्ञान अध्ययन संस्थान, मणिपाल र गण्डकी मेडिकल कलेजहरू, पोखरा विश्वविद्यालय र त्रिभूवन विश्वविद्यालयका इन्जिनियरिङ् क्याम्पस/कलेजहरू, नर्सिङ क्याम्पसहरू, पोखरा, त्रिभूवन र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त विभिन्न विषय र तहका क्याम्पस्/कलेजहरू, उपत्यका भित्रका ७२ उच्च माध्यमिक विद्यालयहरू तथा CTEVT अन्तर्गतक विभिन्न प्राविधिक संस्थाहरू संचालित छन् र उच्चशिक्षाले करिव ७००० ब्यक्तिलाई सोझै रोजगार उपलब्ध गराएको अनुमान गरिएको छ । पोखरा उपत्यकामा नार्क अन्तर्गतका बेगनास तथा फेवाताल मत्स्य अनुसन्धान केन्द्रहरू, मालेपाटन र लुम्ले स्थित कृषि तथा वागवानी अनुसन्धान केन्द्रहरू, तथा सहरी विकास तालिम केन्द्र अवस्थित छन् । पर्यटन र पहाडी क्षेत्रमा दिगो विकासको विकास र प्रवर्धनमा अन्तराष्ट्रिय मान्यता र पुरस्कार प्राप्त एक्याप तथा वातावरण तथा दिगो विकासमै लामो समयदेखि अध्ययन-अनुसन्धानमा संलग्न लीबर्ड जस्ता संस्थाहरू यहाँ अवस्थित छन् । देशका प्रमूख पुस्तक पसलको प्रतिनिधित्व रहेको पोखरामा अध्ययन सामाग्री सापटी लियर वा खरिद गरेर पुरागर्न अव कठिन नहुने स्थीती बनिसकेको छ ।

स्वास्थ्य क्षेत्रमा पनि पश्चिमाञ्चल अस्पताल, हिमालयन आँखा अस्पताल, मणिपाल र गण्डकी शिक्षण अस्पतालहरू, आयुर्वेदिक अस्पतालहरू र निजि क्षेत्रका अन्य तीन दर्जन जति अस्पतालहरू स्थापना भई संचालन भैसकेका छन् ।

अनन्त सम्भावना हुँदा-हुँदै पनि पोखरामा सन् २००९ मा केवल २ लाख ४ हजार र गत वर्ष करिव ३ लाख ५० हजार मात्र विदेशी पर्यटक आउनु नेपालमा पर्यटन विकासको ज्यादै सुस्त गति हो । विभिन्न कारणहरू मध्ये सर्बप्रथम १०-१२ बर्षको माओबादी जनयुद्ध तथा आन्तरिक द्वन्द थियो । यो अवस्थामा जतिनै आकर्षक भए पनि नेपाल हो भन्दैमा पर्यटक यहा आएनन् जवकि वैकल्पिक गन्तब्य अन्यत्र प्रशस्तै छन् । द्वन्दको अन्त्य र शान्ति कायम भएको भरपर्दो खवर संभावित पर्यटक समक्ष पुगेको छैन र अमेरिका तथा यूरोपेलि राष्ट्रहरुको नेपाल भ्रमण नगर्न वा सतर्कता साथ गर्न जारी भ्रमण-सल्लाह कायमै छन् ।

दोस्रो २०१५ को भूकम्पले पर्यटकहरूलाई नेपाल गन्तव्यस्थल छान्न पुन: असहयोग गऱ्यो र त्यो डर अझै नमेटिएको सुनिन्छ ।

तेस्रो, नेपाल सन् १९९० को परिवर्तन पछि बन्द हड्ताल हुने देशको अग्रस्थानमै नेपाल छ र सन् २०१० को १५१ दिनको राष्ट्र बन्द-हड्ताल ले त सायद बिश्व किर्तिमान नै कायम गऱ्योहोला । निश्चित गन्तब्य, स्थान, साधन, समय र खर्चको ब्यवस्था गरेर आएका पर्यटक ज्यान खतरामा पर्न सक्ने र सम्पूर्ण कार्यक्रमनै चौपट भएपछि फेरि नेपाल को भ्रमण गर्ने सोच त

परै जावोस चिनेजानेका लाई पनि नजान सल्लाह् दिन्छन । अव त्यो स्थिति अलि बदलिएको छ ।

चौथो, अनिश्चित र लामो लोडसेडिङ । हुनत नेपाल मौसमको हिसाबले बर्षको अधिकांस समय आरामयुक्त मौसम क्षेत्र भित्रै पर्छन् तर हामि नेपाली जस्तै सबै पर्यटक खासगरी रातको समयमा झिलिमिलि देख्न चाहन्छन धुवा-धुलो, हो-हल्लाबाट बच्न र आद्रता नियन्त्रण गर्न इच्छा अनुसार बातानुकुलिन (एयरकण्डीसन) भएको चाहन्छन र आधुनिक जीवनशैलिका अत्याबश्यक सामाग्री टेलिफोन, क्यामेरा, कम्प्युटर, जिपिएस अन्य ग्यजेट का ब्याट्री रिचार्ज गर्न नपाएर तनावमा पर्न चाँहदैनन् भने टेलिभिजनका समाचार वा मनोरन्जनका कार्यक्रम पनि छुटाउन चाहदैनन् । नेपाल विद्युत प्राधिकरणका अनुसार अव लोड सेडिङ रहने छैन ।

पाचौ, जुस्तोसुकै "अतिथि देवो भव:" का नारा लगाए पनि पर्यटन क्षेत्रमा काम गर्ने खासगरि विमानस्थलमा यातायातका लागि कुर्ने देखि होटेलका कामदार सम्मको ब्यबहार पर्यटक मैत्रि छैनन् । लोन्ली प्लानेटको नेपाल पर्यटक गाईडबुक नपढेकाका लागि तथा पढेकैका लागि पनि विमानस्थल बाहिर निस्कने बित्तिकै ट्राभल ट्रन्सपोर्ट एजेन्टको हुलले पर्यटकको झिटिगुण्टा तान्दा मननै थर्रर कामेको अनुभव अधिकाँश पर्यटक सुनाउछन् । केहि ठुला पर्यटक वोसार्ने लामो दुरिका बस बाहेक कहिल्यै सफा नगरिएका र एअरकण्डिशन बेगरका ट्याक्सी र सार्बजनिक यातायातका साधनको सवारी सबैका लागि कष्टकर बनाएको मात्र होइन पर्यटकहरूको गुनासो नै सुनिन्छ । यो अवस्था होटल स्टाफका बारेमा केहि सुधारिए पनि यस क्षेत्रमा कामगर्नेहरू अधिकांशमा व्यावसायीकता आएको छैन र त्यसकालागि सबैको बानी सुध्रिनु पर्ने हुन्छ ।

छैटौ, सबैजना आफ्नो नियमित बास बाट बाहिर बस्दा भरसक आफ्नो भन्दा सफा-सुघ्घर र आरामदायी बासको अपेक्षा गर्छन्, नभएपनि आफ्नो नियमित बास सरह नभए वसाई कष्टकर हुन्छ । तर नेपालमा भने सायद केहि थोरै अपवाद छोडेर सम्पूर्ण होटेल बास अन्य देशका पर्यटक◌ीय गन्तब्य भन्दा फोहोर र खासगरि धूलो भरिएका कार्पेट जालो लागेका एयरकन्डिसन, पंखा, झ्यालका जालि धूलो लेपिएका सिंगमरमरका भुई, चौबिसै घण्टा धारा शौचालय स्नानकक्षमा पानि उपलब्ध नहुने तर पानि आएको बेलामा रसाएर चौबिसै घण्टा भिजेका भूई, अभावका बावजुद होटेल र रेस्टुँराभित्र र सार्बजनिक स्थलका दुर्गन्धित शौचालय पर्यटकलाई सुबिधा र आरामको सट्टा असुबिधायुक्त अबस्था हुन् जस्ले पर्यटकलाई निकै चिढ्याउदछन् । प्रमुख पर्यटकिय क्षेत्रमा यी सुधारोन्मुख छन् तर होम स्टे देखि बाहिरका क्षेत्रमा तुरुन्त सुधारको खाँचो छ ।

सातौं, खानामा पर्यटक निकै छनोटी भएको यस टिप्पणिकारले पाएको छ र नेपाली जस्तै उनिहरू पनि कम्तिमा एक छाक आफ्नै स्वादको खाना चाहन्छन् । खानामा त्यसको बाहिरि सजावट पनि उत्तिकै आवश्यक छ अर्थात देख्दा मुख रसाउने हुनुपर्‍यो जुन नेपाल र सम्पूर्ण दक्षिण एशियामा नै कम उपलब्ध छन । खानाको कुरा गर्दा खासगरि बिहानको नास्ता

(ब्रेकफास्ट) बिशेष अबस्थामा माग अनुशार कूनैपनि समयमा उपलब्ध हुने र सामान्य समयमा ६ बजे तयार भएमा पर्यटक ज्यादै खुशि हुन्छन् जबकि नेपालमा आफ्नो हक अधिकारको लागि च्याम्पियन भएका कामदारले ८,९ नबजि नास्ताका सबै परिकार तयार गर्न सक्दैनन् तथा गर्दैनन् । दश प्रतिशत थप सेवाशुल्क लिएपनि होटेल रेस्टूरामा दिने सेवामा खासै परिबर्तन भएको छैन । साथै पर्यटकका लागि अंग्रेजीमा कहिने नाईट लाईफ अर्थात् रात्रि जीवन निकै महत्वपूर्ण र रोचक समय हो । खाने पिउने र मस्ती गर्ने समय हो । नेपालमा ८।९ बजे नै बन्द हुने सार्बजनिक खानपिन र यातायात साथै अन्धकार रातले पर्यटकका गतिबिधि खुम्च्याउछन् हालाकि केहि पर्यटक एकत्रित क्षेत्रहरु अबेरसम्म खुला रहन्छन् । प्रथम तथा मुख्य समस्याहरू आबत-जाबत र शुरक्षाको प्रत्याभुति हो । तथ्याङ्क अनुसार, नेपाल शुरक्षाको हिसावले जापान र चिनको विचमा पर्छ जनु भनेको ज्यादै सुरक्षित अवस्था हो तर त्यसको प्रत्याभुति हुन सकेको छैन ।

सबै संभावित पर्यटकले आफ्नो गन्तब्यलाई उपलब्ध समय हिसाब गर्छन जुन नेपालमा आकर्षक गन्तब्यस्थलहरू ज्यादै लामो समय लाग्ने छन् । उदाहरणको रूपमा २०० किलोमिटरको काठमाण्डौ-पोखरा यात्रा सुरू देखि अन्त्यसम्मको यात्रा ८-९ घण्टा लाग्छ । पोखराबाट गाउमा जान-आउनका लागि सार्वजनिक यात्राबाट २ दिन लाग्छ ।

सबै मानिस गरिबि, अभाव, पछौटेपन देख्न रमाँउछन् भन्ने होइन बरु पर्यटकहरु प्रकृतिको नजिकमा बिलासिताका क्षण बिताउन चाहन्छन । त्यसैले त संसारमा सबभन्दा बढि पर्यटक फ्रान्स र त्यसको राजधानि पेरिस पुग्छन, स्वीट्जरल्याण्ड, थाइल्यान्ड, मलेशिया पुग्छन् जहाँ प्रकृतिक दृश्य रमणिय छन् र बिलाशिताको ब्यबस्था गच्क्षे अनुशार पाइन्छ । गरिबि र पछौटेपन नेपालको अर्को नाम हो भन्ने पनि सम्भाबित पर्यटकले बुझेका हुन्छन् र जब नेपाल आउछन् तब अझ प्रष्ट हुन्छन्—नेपाल त यातायात, पानी, बिजुली र सामान्य सर-सफाईका साधनबाट पुर्ण अभाबग्रस्त देश रहेछ भनेर । त्यसमाथि अनपेक्षित बन्द-हडतालका अबरोधबाट कहिले के हुने हो भन्ने अनिश्चितता । सम्पन्न पर्यटकका लागि यहाँ के सुबिधा छ केहि छैन भन्ने बुझाई छ । यी सबैको अलावा अर्को एउटा भ्रम पनि संभाबित मधयमबर्गिय पर्यटकमा भएको यो टिप्पणिकारसंग छ त्यो हो नेपाल पर्यटनका हिसाबले ज्यादै खर्चिलो स्थान हो भन्ने भ्रम र त्यस्मा पनि पोखरा अझ खर्चिलो स्थान हो । सायद यो प्रचार-प्रसारको कमि नै होला जवकि नेपाल विदेशि पर्यटकको लागि सबभन्दा कम खर्चिलो गन्तव्यस्थान हो । यसले नेपाल तथा पोखरा कता-कता गरीव पर्यटकहरूको गन्तव्यस्थल बन्दै गएको भान हुन्छ । यसलाई पुष्टि गर्ने आधार याहा अउने पर्यटकले हामिले पर्यटन वर्ष २०११ मा आशा गरे विपरित प्रतिवर्ष प्रतिदिन खर्च घट्दै गएको पाइन्छ ।

अन्तराष्ट्रिय पर्यटनको उपलब्धी उच्च नभएपनि पोखरा र यस वरपरको आन्तरिक पर्यटन भने तिब्र गतिमा विकास भएको छ तर त्यसको उचित लेखाजोखा सहित अध्ययन भएको भने छैन ।

माथि उल्लेखित अवस्थालाई विश्लेषण गर्दा प्रदेश नम्बर ४ को सम्बृद्धि र पोखराको पर्यटन विकासको एक अर्कामा अन्योन्यास्रित सम्बन्ध छ ।

प्रदेश नम्बर ४ र पोखराको भावि विकासको आंकलन गर्दा भौगोलिक, क्षेत्रीय, मानविय संसाधन, आर्थीक श्रोत-साधन, यहाँका उद्धमिहरूको उद्धमशिलता, वाहिरि संसारको अनुभव लगायत काठमाण्डौ पछि देशमा अन्यत्र कहिं छ भने पोखरामै छ । यदि समयको मागले प्रस्तुत गरेका सम्भावनालाई पोखराले उपलब्धिमा परिणत गर्न सक्दैन भने देशका अन्य क्षेत्रले सक्दैनन् । पोखरा गत ५० वर्षमा विकासको क्षेत्रमा अन्वेषक र अग्रपथिक रहेको छ र यस्को सम्पूर्ण वातावरणले सहयोग गरेकोले अवका दिनमापनि पोखराले पर्यटनमा आफ्नो तुलनात्मक (Comparative) तथा प्रतिश्पर्धी (Competitive) फाइदा (Advantage) हाँसिल गरिसकेको छ र त्यस्लाई अगाडी वढाउनु पर्छ ।

गत सताब्दिमा विकासलाई तिब्र बनाउन र जन चाहना अनुसार बनाउन विभिन्न मोडल प्रयोग भए । पुँजीबादले स्वस्फुर्त (Spontaneous) तथा बजार अर्थतन्त्रको अवलम्बन गर्‍यो जस्लाई पहिलो चरणमा निर्देशित र हाल आएर सवलिकरण गर्ने नीति लिएको पाइन्छ । उता राष्ट्रहरूको अर्को समुहले योजना तथा नियन्त्रणको नीति लिए जुन त्यति उत्पादक हुन नसकेको पाइन्छ ।

स्वस्फुर्त (Spontaneous) विकासको बाटोले लामो समय लिन्छ । यस बाटोबाट जाँदा सामाजिक, आर्थीक, राजनैतिक तथा वातावरणीय घटकहरू विचको एक आपसमा कृया र प्रतिकृया पश्चात एउटा दिशा लिदै जाने र त्यसको मूल्य पनि ठूलो हुने हुनाले अवको बाटो योजना को Framework तयार गर्ने र त्यस अन्तर्गत सरकार र विकासका अन्य साझेदारहरूले नीजिक्षेत्रलाई  माथि उल्लेख भए अनुसारका तुलनात्मक (Comparative) तथा प्रतिश्पर्धी (Competitive) फाइदा (Advantage) हुने प्रवल उद्योग तथा कार्यक्रमहरू सुरु गर्नु पर्ने देखिन्छ । त्यस्ता उद्योग/उद्यम तथा कार्यक्रमहरूले अगाडी-पछाडीका लिंकहरू स्थापना गर्ने र तीनिहरूलाई बलियो बनाउदै जान्छन् ।

जहाँसम्म प्रदेश नम्बर ४ को प्रश्न छ पर्यटन, शिक्षा र कृषि तथा जडीबुटी र ती संग सम्बन्धित विषयको प्रादेशिक अन्तरसम्बन्ध विकास गर्नु हालको पहिलो बाटो हो ।

तपाई पर्यटन व्यावसायीहरूले पर्यटनमा स्थापित ब्र्याण्ड नाम पोखरा र यस अन्तर्गत मैले माथि उल्लेख गरेका केहि विशेष ब्र्याण्ड नामहरू लाई यो क्षेत्रमा रहेका माथि उल्लेखित समस्याको निराकरण गर्ने गुणस्तरीय बनाउनु बाहेक अरु विकल्प हूदैन र छैन पनि ।

अन्त्यमा फरि एक पटक आयोजकहरूलाई धन्यवाद दिन चाहन्छु साथै यस साधारणसभाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद